# कृष्णपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गुलरिया, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०७९।०८०
चलानी नं. १८१५

कृष्णपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय गुलरिया, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

मिति :- २०७९।१२।०९

**विषय :- आवश्यक सहयोग गरि दिने सम्बन्धमा।**

**श्री १ देखि ९ नं. सम्म वडा कार्यालय सवै,**
**श्री गुलरिया बजार व्यवस्थापन समिति,**
**श्री बाणी बजार व्यवस्थापन समिति,**
**कृष्णपुर नगरपालिका, कञ्चनपुर।**

प्रस्तुत विषय सम्बन्धमा श्री जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरको च.नं. ३००३ मिति २०७९।१२।०८ गते प्राप्त पत्र साथ संलग्न सूचना यसै पत्र साथ संलग्न राखि पठाईएको छ। सूचनाबाट व्यहोरा अवगत गरी सरोकारवाला सवैलाई जानकारी गराई कार्यान्वयनमा आवश्यक सहयोग गरिदिनहुन अनुरोध छ।

**शिव सिंह भण्डारी**
**प्रमुख प्रशासकीय अधिकृत**

शिव सिंह भण्डारी
उप सचिव
प्रमुख प्रशासकीय अधिकृत


फोन नं. ०९९-४१२०१९, ४१२०४६, ४१२०४१ Website : www.krishnapurmun.gov.np
ईमेल : ito.krishnapurmun@gmail.com, info@krishnapurmun@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फ्याक्स नं. :५२४९९०

email: daokanchanpur75@gmail.com
web: daokanchanpur.moha.gov.np

प.सं. ०७९/०८०
च.नं.

## जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरको अत्यन्त जरुरी सूचना ।

मितिः २०७९।१२।०८

मिति २०७८।०५।२८ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार चालिस माईक्रोन भन्दा पातलो प्लाष्टिक झोलाको उत्पादन, आयात, विक्री वितरण र प्रयोगमा पूर्ण प्रतिबन्ध लगाइएको सन्दर्भमा बजार अनुगमन तथा यस कार्यालयमा विभिन्न माध्यमबाट प्राप्त गुनासो समेतबाट उपर्युक्तानुसार प्रतिबन्ध लगाइएका प्लाष्टिकका झोलाहरु अझै पनि प्रचलनमा रही आएको पाइएकोले यस कार्यालयमा मिति २०७९/१२/०२ मा बसेको विभिन्न सरोकारवालाहरुको बैठकबाट त्यसरी प्रतिबन्धित प्लाष्टिकका झोलाहरुको उत्पादन, आयात, विक्री वितरण र प्रयोगमा प्रभावकारी नियन्त्रण गर्ने निर्णय भएको हुँदा यस विषयमा मिति २०८० बैशाख १ देखि प्रभावकारी रुपमा अनुगमन गरिने र प्रतिबन्धित प्लाष्टिकका झोला पाइएमा जफत गर्नुका साथै प्रचलित कानून बमोजिम कारवाही गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउदै यस कार्यमा सहयोग पुऱ्याई दिनु हुन समस्त कञ्चनपुरवासीहरुमा हार्दिक अनुरोध गरिन्छ।

कृष्णानन्द जोशी
प्रशासकीय अधिकृत